## सिद्धिचरण नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशका माननीय मन्त्रीज्यू,
नगर सभाका उपाध्यक्षज्यू,

यस ऐतिहासिक नगरको भूगोल, भावना र भविष्यको प्रतिनिधित्व गर्नुहुने नगरसभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरु एवं सञ्चारकर्मी मित्रहरू।

सिद्धिचरण नगरपालिकाको नगर सभाको १८ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय सरकारको रूपमा रहेको यस ऐतिहासिक सिद्धिचरण नगरपालिकाको गरिमामय नगरसभाको अठारौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। आज यो वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरिरहँदा मेरो मानसपटलमा युगकवि सिद्धिचरण श्रेष्ठका कविताका कालजयी पङ्क्तिहरू गुञ्जिरहेका छन्। यो भूगोल केवल पहाडका टाकुरा र खोंचहरूको समिश्रण मात्र होइन यो त वीरताको इतिहास, नकलाको खानी र गौरवमयी चेतनाको उद्गम स्थल हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँहरूकै बलिदानको जगमा आज हामी नागरिकका सपनाहरूलाई स्थानीय सरकारको माध्यमबाट साकार पार्ने ऐतिहासिक जिम्मेवारीमा छौं।

सबै जातजाति, वर्ग, लिङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकको जीवन, आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूत गर्ने गरी दीगो, सकारात्मक, गुणस्तरीय र समन्यायिक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ। नागरिकका यस्तै सवालहरु तीनै तहका सरकारको साझा गन्तव्य बन्नुपर्छ र बनाउनु पर्दछ। यसका लागि तीनै तहका काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको लागि अगाडि बढ्न सबै पक्षसँग अपिल गर्दै निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

**नगरसभा सदस्यज्यूहरू,**
यो नीति तथा कार्यक्रम सिद्धिचरणवासीको ओठमा मुस्कान ल्याउने, हाम्रा गाउँ-बस्तीमा दीगो समृद्धिको उज्यालो पुऱ्याउने एउटा जीवन्त र भिन्न सङ्कल्प चित्रको रुपमा प्रस्तुत गरिरहेको छु। यो नीति तथा कार्यक्रम हाम्रा वडा, टोल र कुना-कन्दराका नागरिकको आँसु र हाँसोको साझा प्रतिविम्ब हो। विगतका बर्षमा हामीले शिक्षा, स्वास्थ्य, सडक र खानेपानी जस्ता आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्यौं। यस वर्ष पनि हामी सडक खन्नु मात्र विकास होइन, त्यो सडक हुँदै हाम्रा उत्पादन बजारसम्म पुग्नु वास्तविक विकास हो भन्ने मान्यतामा दृढ छौं। त्यसै गरी विद्यालय तहमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार्ने हाम्रो मुख्य शैक्षिक ध्येय हुनेछ। बालबालिकालाई सूचना प्रविधिको ज्ञानसँगै ओखलढुङ्गाको इतिहास, भूगोल, कला र संस्कार सिकाउन स्थानीय पाठ्यक्रमलाई अझ व्यावहारिक बनाउने तर्फ पनि हाम्रो ध्यान केन्द्रित हुनेछ।

भ्रष्टाचारमुक्त र सुशासित सिद्धिचरण हाम्रो अकाट्य मूल मन्त्र हो। शासनमा नागरिकको रचनात्मक निगरानीलाई हामी सधैं स्वागत गर्नेछौं।

सीमित स्रोत, साधन र बदलिँदो परिवेशका चुनौतीका बावजुद नगरवासीको विकासको आकांक्षालाई पूरा गर्न हामीले दृढ कदम चालिरहेका छौं। चालु आर्थिक वर्षका सिकाई र उपलब्धीहरूलाई जग मानेर आगामी वर्षका लागि जनमुखी र व्यावहारिक नीतिहरू तय गरिएका छन्। यो नीति तथा कार्यक्रम कुनै एउटा दल, गुट वा व्यक्तिको होइन। यो त सम्पूर्ण सिद्धिचरणवासीहरुको सामूहिक साझा सपना, संकल्प र भविष्यको मार्गचित्र हो। राजनीतिक पूर्वाग्रह र सङ्कुचित घेराभन्दा माथि उठेर यो ऐतिहासिक नगरलाई सुन्दर र समृद्ध बनाउनु हामी सबैको दायित्व हो।

युगकवि सिद्धिचरण श्रेष्ठको जन्मभूमि र वीरताको इतिहास बोकेको ओखलढुङ्गाको यस केन्द्रविन्दुलाई "सुन्दर, समृद्ध र सुशासित सिद्धिचरण" बनाउने हाम्रो संकल्प हो। सीमित स्रोत र साधनका बावजुद नगरवासीको आकांक्षा पूरा गर्न हामीले निरन्तर प्रयास गरिरहेका छौं। "मेरो प्यारो ओखलढुङ्गा" लाई "समृद्ध र सुशासित सिद्धिचरण" बनाउने हाम्रो यो यात्रा निरन्तर जारी रहनेछ।

नगरवासीका माग तथा न्यूनतम आवश्यकताहरुलाई मध्येनजर गर्दै आगामी आर्थिक बर्षको लागि यी नीति तथा कार्यक्रम तयार गरेको छु। यसको कार्यान्वयनवाट नगरवासीलाई अवश्य पनि लाभ पुग्नेछ भन्ने अपेक्षा गर्दै अव म नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

नीति तथा कार्यक्रमले निम्न विषयलाई प्राथमिकतामा राखेको छ।

क) कृषि तथा पशुपालनको व्यवसायीकरण, रैथाने बालीको उत्पादन र बजारीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन तथा उद्यमशीलताको विकास गर्ने।

ख) गुणस्तरीय शिक्षा, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवामा पहुँच, पोषण सुधार, मानव स्रोतको क्षमता विकासमा जोड दिने।

ग) सडक, सिंचाइ, खानेपानी, सरसफाइ, विद्युत् तथा अन्य आधारभूत पूर्वाधारको विकास र व्यवस्थित बस्ती तथा शहरी संरचना निर्माणलाई प्राथमिकता दिने।

घ) पारदर्शी, जवाफदेही, प्रविधिमैत्री र नागरिकमुखी शासन प्रणालीको विकास, प्रभावकारी सार्वजनिक सेवा प्रवाह, संस्थागत सुदृढीकरण, सामाजिक न्याय, लैङ्गिक समानता तथा लक्षित वर्गको सशक्तीकरण मार्फत समावेशी विकास सुनिश्चित गर्ने।

ङ) वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरूको संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन विकासमा जोड दिने।

**कृषि नीतिः**

१. रासायनिक मल तथा विषादीको प्रयोगबाट जमिनको उर्वराशक्ति र मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनिकरण गर्न प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ।

२. कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचाई सुविधा, कृषि यान्त्रीकरण र वातावरण सुहाउदो प्रविधिको विकास गरिदै लगिनेछ।

३. नगरपालिका र कृषकबीचको साझेदारीमा स्याउ खेती विस्तार कार्यक्रम अन्तर्गत वडा नं. ५, ६, ७ र अन्य वडा अन्तर्गतको क्षेत्रमा सम्भावनाको आधारमा स्याउ खेतीलाई थप क्षेत्रफलमा व्यावसायिक रुपमा विस्तार गरिनेछ।

४. स्थानीय सम्भाव्यता, भौगोलिक अवस्था तथा बजार सम्भाव्यताको आधारमा नगरपालिका क्षेत्रमा रैथाने बालीहरुको प्रवर्द्धन गर्नुका साथै ब्राण्डिङ र बजारीकरणलाई जोड दिईनेछ।

५. नगरपालिकाको उच्च भूभागमा उत्पादन गरिने बुङ आलुको भण्डारण तथा बजारीकरणमा जोड दिई अर्गानिक प्रमाणीकरण कार्यलाई निरन्तरता दिईनेछ।

६. कृषि सहकारी/समूह/फर्म र कृषकद्वारा उत्पादित कृषि उपजलाई संकलन गर्न आवश्यकता अनुसार संकलन केन्द्रहरु स्थापना गर्दै लगिनेछ। उत्पादित कृषि उपजहरु सरल र सहज रुपमा स्थानीय बजार, बाह्य बजार तथा सहरी क्षेत्रसम्म पुर्याउन कृषि एम्बुलेन्सको प्रयोगलाई व्यवस्थित बनाईनेछ।

७. कृषकहरुलाई व्यावसायकि तथा आत्मनिर्भर बनाउन तरकारी तथा फलफूल बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८. साना कृषकलाई प्रोत्साहन गर्न बजार क्षेत्रमा स्थानीय उत्पादनलाई कृषि उपज बिक्री स्थलको व्यवस्था एवम् कर छुट दिने कार्यलाई निरन्तरता दिईनेछ। बाह्य जिल्लाबाट ल्याइने तरकारी तथा फलफूललाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

९. कृषकलाई खाद्यान्न तथा तरकारी बालीमा आत्मनिर्भर बनाउन उन्नत बीज वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१०. बाँदर लगायत अन्य वन्यजन्तुबाट हुने कृषि बाली, धनजन क्षतिलाई न्युनिकरण गर्न अन्य पालिकाको असल अभ्यासलाई आन्तरिकरण गर्ने तथा प्रदेश र संघीय सरकारसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

११. एक वडा एक कृषि प्राविधिक जनशक्तिको व्यवस्था गरी कृषकलाई निशुल्क प्राविधिक र परामर्श सेवा दिने कार्यलाई प्रभावकारी बनाईदै लगिनेछ।

१२. हावाहुरी, असिना, बाढी, पहिरो लगायत दैवी प्रकोपजन्य कारणबाट हुने जोखिम न्युनिकरण गरी कृषि व्यवसायमा संलग्न कृषक, व्यवसायी तथा उद्यमीको आत्मविश्वास वृद्धि गर्नका लागि कृषि बीमा कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ।

१३. एक वडा एक एकीकृत कृषि फर्म निर्माण गरी कृषि प्रविधिको प्रसार गरिने छ। विदेशबाट फर्केका एवम् वेरोजगार यूवाहरुलाई कृषि पेशामा आकर्षित गर्न युवा लक्षित कार्यक्रम अगाडी वढाईनेछ।

१४. भौगोलिक सम्भाव्यताका आधारमा कफी खेती लगायत अन्य नगदेबाली खेती विस्तार गर्न प्रोत्साहन गरिनेछ।

१५. मौरी पालन गर्ने कृषकलाई प्रोत्साहन गर्ने कार्यको निरन्तरता दिदै भिर मौरीको समेत संरक्षण, प्रवर्द्धन गरी व्यावसायिक उत्पादनमा जोड दिइनेछ।

१६. कृषि जैविक विविधता संरक्षण कार्यक्रममा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।

**पशुपन्छी सम्बन्धी नीतिः**

१७. पशुपन्छीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक औषधी, खोप, प्रयोगशाला तथा उपकरणको उचित व्यवस्थापन गर्नुका साथै गुणस्तरयुक्त पशुपन्छीजन्य उत्पादनमा जोड दिई स्वस्थ पशुपालनलाई प्रवर्द्धन गरिनेछ।

१८. स्थानीय पशुपन्छीका जातहरूको संरक्षण, संवर्द्धन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान सेवाको विस्तार तथा पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. रेबिज रोग नियन्त्रण तथा रोकथामको लागि घरपालुवा तथा समुदायमा रहेका जोखिमयुक्त कुकुर-बिरालोहरुको व्यवस्थापन गर्दै रेबिज संक्रमणको जोखिम न्यूनिकरण गर्न जनचेतना अभिवृद्धि, खोप कार्यक्रम र बन्ध्याकरण शिविर संचालन गरिनेछ।

२०. पशुपन्छी पालनलाई व्यवसायीकरण, आधुनिकीकरण तथा बजारमुखी बनाउँदै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पुँजी, प्रविधि र संस्थागत सहयोग उपलब्ध गराइनेछ।

२१. नगरपालिकालाई माछा, मासु, दूध, अण्डा तथा अन्य पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन उत्पादन लागत न्यूनीकरण, उन्नत प्रविधिको प्रयोग तथा व्यावसायिक पशुपालन प्रवर्द्धनका कार्यक्रम विस्तार गरिनेछ।

२२. एक वडा एक पशु प्राविधिक जनशक्तिको व्यवस्थापन गर्न आवश्यक पहल गरिनुका साथै खोरेत, पी.पी.आर. स्वाइन फिभर, लम्पी स्किन, रानिखेत, बर्ड फ्लु (एभियन इन्फ्लुएन्जा) लगायतका संक्रामक तथा आकस्मिक/महामारीजन्य पशुरोगहरूको रोकथाम, नियन्त्रण तथा निगरानी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२३. पशुपन्छीजन्य उत्पादनको गुणस्तर, स्वच्छता तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न नियमित अनुगमन, पशु स्वास्थ्य परीक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२४. पशुधनको स्वास्थ्य संरक्षण, रोगको समयमानै पहिचान तथा उपचार सुनिश्चित गर्न पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

२५. पशुपन्छी फार्म तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरुको दर्ता नविकरण सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाइनेछ।

२६. अति विपन्न एकल महिला/पुरुषहरुको आयस्तर वृद्धि गर्ने उद्देश्यले विभिन्न आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ।

**शिक्षा नीतिः**

२७. विद्यालय तहको शैक्षिक गतिविधिमा एकरुपता कायम गर्न नगरस्तरीय शैक्षिक कार्यपात्रो निर्माण गरिनुका साथै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यार्थी सिकाइ उपलब्धी मूल्यांकन अभिलेखिकरण पुस्तिका (कक्षा १-५ सम्म) तथा आधारभूत तहमा स्थानीय पाठ्यसामग्रीको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ।

२८. विद्यार्थी भर्ना दरलाई शतप्रतिशत पुर्याउन र सामुदायिक विद्यालयप्रति अभिभावक एवं बिद्यार्थीको आकर्षण बढाउन नगरस्तरीय विद्यालय भर्ना अभियान तथा सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

२९. सामुदायिक विद्यालयका शिक्षक कर्मचारीको उपस्थिति दर बृद्धि गर्दै शिक्षकले शिक्षण सिकाइमा विताउने समयावधिमा सुधार गर्न विद्युतीय हाजिरी तथा कक्षाकोठामा शिक्षकका लागि लगबुकको प्रभावकारी उपयोगमा जोड दिइनेछ।

३०. विद्यालयमा सुरक्षित एवं बालमैत्री, लैङ्गिकमैत्री र अपांगतामैत्री भौतिक संरचना निर्माण, विपद् व्यवस्थापन संयन्त्रको विकास तथा हरित विद्यालय व्यवस्थापनमा जोड दिइनेछ।

३१. विद्यालयस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पूर्णरूपमा कार्यान्वयन गर्न आवश्यक पूर्वाधारको व्यवस्था मिलाइ सम्पूर्ण विद्यालयहरुलाई सूचना भराई सोको पूर्ण कार्यान्वयनमा ल्याइनेछ।

३२. शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीका क्लबहरु तथा अभिभावकहरुसँग छलफल अन्तरक्रिया, **"उद्देश्य एक अनुगमन पद्धति अनेक"** नीति अवलम्बन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सहजीकरण गरिनेछ। प्रारम्भिक बालकक्षामा सन्दर्भ स्रोत सामग्री (डिजीटल सामग्री समेत) को व्यवस्था गरी मन्टेश्वरी विधिद्वारा सिक्ने सिकाउने वातावरण तयार गरिनेछ।

३३. बिबाहित छात्राहरुको विद्यालय शिक्षामा निरन्तरताका लागि बुहारी छात्रावृत्ति कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३४. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३५. विद्यार्थी संख्या, विद्यार्थीको सिकाइ उपलब्धी, शैक्षिक गुणस्तर, कार्य सम्पादन मूल्याङ्कनको आधारमा सामुदायिक विद्यालय, शिक्षक, विद्यार्थीहरुलाई प्रोत्साहित गर्नुका साथै कार्यसम्पादनका आधारमा सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, कर्मचारीलाई आवश्यकता अनुसार नियमन वा पुरस्कार दिइने नीति अबलम्बन गरिनेछ।

३६. स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवाखाजाको साप्ताहिक मेनु तयार गरी स्थानीयस्तरमा उपलब्ध हुने खाद्यवस्तुमा आधारित विद्यालय दिवाखाजाको प्रवन्ध गर्ने व्यवस्था मिलाइनेछ।

३७. विभिन्न किसिमका शैक्षिक अतिरिक्त क्रियाकलाप, विद्यार्थीको परियोजना कार्य प्रदर्शनी, विज्ञान सामग्री प्रदर्शनी लगायतका कार्यक्रमहरु सञ्चालन गरिनुका साथै विद्यालयका शैक्षिक गतिविधिलाई प्रभावकारी र गुणस्तरीय बनाउन सम्बन्धित पक्षलाई विभिन्न शैक्षिक तालिमहरुको व्यवस्था गरिनेछ।

३८. स्तरीकृत परीक्षाको माध्यमबाट विद्यार्थीहरुको मुख्य मुख्य विषय र कक्षाको सिकाइ उपलब्धी परीक्षण गर्नुका साथै विद्यार्थीहरुमा व्यवहार कुशल सिपको विकास र परीक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ। विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तरको वास्तविक र वस्तुनिष्ठ मूल्याङ्कनको लागि वार्षिक परीक्षाको उत्तरपुस्तिका शिक्षा शाखाको समन्वयमा फरक फरक विद्यालयका विषयगत शिक्षकहरुबाट परीक्षण गराइ सिकाइ उपलब्धिस्तर निर्धारण गर्ने नीति अवलम्बन गरिनेछ।

३९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्र.अ.सँग नगरपालिकाले कार्यसम्पादन करार गर्ने र सामुदायिक विद्यालयमा कार्यरत प्र.अ.हरुको मनोबल उच्च राख्न नगरपालिकाको तर्फबाट प्र.अ.भत्ता स्वरुप उपलब्ध गराईएको थप सुविधालाइ आवश्यकता र औचित्यताका आधारमा चालु आ.व.२०८३/८४ मा समेत निरन्तरता दिइनेछ।

४०. नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई नगरपालिकाले उपलब्ध गराउँदै आएको थप सुविधालाइ चालु आ.व. २०८३/८४ मा समेत आवश्यकता र औचित्यताका आधारमा निरन्तरता दिइनेछ।

४१. सबै प्रकारका शिक्षण संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरी शैक्षिक सुशासन कायम गर्नुका साथै सिद्धिचरण नगरपालिका भित्र सञ्चालित र भविष्यमा सञ्चालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित र वैज्ञानिक बनाउन तथा संस्थागत विद्यालयले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति वितरण प्रक्रियालाई व्यवस्थित, वैज्ञानिक र पारदर्शी बनाउनका लागि संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

४२. विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउन आवश्यक पहल गरिनुका साथै आवश्यकता अनुसार सामुदायिक विद्यालयको शिक्षक, कर्मचारी ,बाबिके स.का.को दरबन्दी मिलान गरिनुका साथै न्युन विद्यार्थी संख्या भएका विद्यालयलाइ समायोजन गरी ठुला विद्यालय (Big School) बनाउन आवश्यक पहल गरिनेछ।

४३. सामुदायिक विद्यालयको शिक्षा पद्धतिलाई प्रविधियुक्त र व्यवहारिक बनाउन नेपाल सरकार, प्रदेश सरकार र अन्य साझेदारहरुसँग समन्वय एवं सहकार्य गरिनेछ।

४४. अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति, सहायक सामग्री लगायतको व्यवस्था गर्नुका साथै उपर्युक्त किसिमको विद्यालय सञ्चालन गर्न पहल गरिनेछ।

४५. नगर शिक्षा योजना अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।

४६. सामुदायिक सिकाइ केन्द्रलाई थप प्रभावकारी रुपमा सञ्चालनको व्यवस्था मिलाइनेछ।

४७. विद्यालय तहमा हुने सामाजिक सञ्जालको दुरुपयोग तथा लागू औषध दुर्व्यवसन रोक्न तथा सिकाइमा सामाजिक सञ्जालको अधिकतम सदुपयोगका लागि आवश्यक चेतनामूलक कार्यक्रम तय गरी लागु गरिनेछ।

४८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नमूना कक्षा प्रदर्शन, उत्प्रेरणामूलक कक्षा सञ्चालन तथा अनुगमन र पृष्ठपोषणको आधारमा सुधार गर्ने नीति अबलम्बन गरिनेछ।

**युवा तथा खेलकुद नीतिः**

४९. युवामा नैतिक एवं चारित्रिक गुण तथा अनुशासनको विकास गरी परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवं श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

५०. नगरस्तरीय खेलकूद कार्यक्रम सञ्चलान गरिनुका साथै विभिन्न स्थानमा खेलकूदलाई प्रोत्साहित गर्न नगरक्षेत्रका युवा खेलाडीहरुलाई विभिन्न खेलकुद गतिविधिहरुमा संलग्न गराइनेछ।

५१. नगरस्तरीय खेलकूद विकास समितिलाई थप क्रियाशील बनाइनेछ।

५२. खेलकुद विकासका लागि विद्यालय तहदेखि नै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत योजनावद्ध खेलकुद कार्यक्रम सञ्चालनको माध्यमबाट विभिन्न विद्याका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनुका साथै नगरको तर्फबाट विभिन्न प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

५३. एक वडा-एक खेलमैदानको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

**स्वास्थ्य नीतिः**

५४. नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५५. कुपोषणको दरलाई घटाउन स्वास्थ्य संस्थाहरुमा पोषणको लेखाजोखा कार्यलाई निरन्तरता दिइनेछ।

५६. क्षयरोग कार्यक्रमको ई टिबी रजिस्टर अध्यावधिक, स्थलगत अनुशिक्षण कार्यक्रम, समुदायमा सकृय क्षयरोगी खोजपड्ताल, अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५७. आमा सूरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमका साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउदै आएको यातायात खर्च वापतको सुविधालाई निरन्तरता दिइनेछ।

५८. ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती स्वास्थ्य सेवाको विस्तार गरिनेछ।

५९. नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी रोग नियन्त्रण तथा न्यूनीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६०. वर्थिङ सेन्टरबाट उपलब्ध हुने सेवालाई २४ सै घण्टा उपलब्ध हुने गरी थप व्यवस्थित गर्दै लगिनेछ।

६१. गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अभिमुखीकरण, अनुगमन तथा समीक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६२. नगर क्षेत्रभित्र गर्भवती महिलाहरुका लागि गरिने भिडियो एक्सरे सेवालाई क्रमश: प्रत्येक स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै लगिनेछ।

६३. बहुक्षेत्रीय पोषण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, परिवार नियोजन कार्यक्रमलाई प्रभावकारीताका साथ निरन्तरता दिईनेछ।

६४. संक्रामक तथा महामारीजन्य रोग रोकथाम गर्नुका साथै खानेपानी र खाद्य गुणस्तर निगरानीका लागि आवश्यक कार्यक्रम तय गरी सञ्चालन गरिनेछ।

६५. किटजन्य रोग प्रभावित क्षेत्रको पहिचान गरी रोग नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६६. नगर क्षेत्रभित्रका विपन्न, असाहय, ज्येष्ठ नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।

६७. समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम र विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. यौन तथा प्रजनन स्वास्थ्य, किशोर किशोरीमैत्री स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

६९. क्यान्सर, मेरुदण्ड पक्षघात, मृगौला डायलाइसिस तथा प्रत्यारोपण गराइरहेका विरामीहरुलाई दिइने उपचार खर्च वितरणलाई निरन्तरता दिन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय गरिनेछ।

७०. खोप सेवा, गाउँघर क्लिनिक सेवा तथा शहरी स्वास्थ्य केन्द्रहरुको सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

७१. विभिन्न साझेदार निकायहरु (NGO/INGO) सँग आवश्यक समन्वय गरी नगर क्षेत्रभित्र विविध स्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ।

७२. नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाइनेछ।

**संस्थागत सुशासन, मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास नीतिः**

७३. सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीसँग कार्यसम्पादन सम्झौता अनिवार्य गरी दण्ड पुरस्कारलाई कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

७४. सेवा प्रवाहलाई चुस्तदुरुस्त, पारदर्शी, सरल, सहज बनाउन र नागरिकलाई सेवा प्रवाहमा सहज पहुँच विस्तार गर्न सूचना प्रविधियुक्त सेवा प्रवाहमा जोड दिइनेछ।

७५. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिनका लागि सञ्चालन गरिने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुनुवाई, आवधिक समीक्षा, वार्षिक समीक्षा तथा अनुगमनलाई प्रभावकारी बनाईनेछ।

७६. आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजुलाई समयमा नै फछ्र्यौट गर्ने र प्राप्त सुझाव तथा प्रतिक्रियालाई कार्यान्वयन गरिनेछ।

७७. नगर क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहका कार्यक्रमलाई प्रभावकारी बनाउन तथा दोहोरोपना हुन नदिन अन्तर तह तथा निकायसँगको समन्वयलाई थप प्रभावकारी बनाइनेछ।

७८. जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ।

७९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट नगर क्षेत्रभित्र सञ्चालन हुने कार्यक्रमहरु नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी नगरपालिकाको समन्वय र सहकार्यमा सञ्चालन हुने व्यवस्था मिलाईनेछ।

८०. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

८१. जिन्सी निरीक्षणले औंल्याएका लिलामी गर्नुपर्ने पुराना जिन्सी सामानहरुको लिलामी प्रक्रियालाई अगाडी बढाइनेछ।

८२. विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपले सञ्चालन गर्नका लागि सार्वजनिक-निजी साझेदारीको नीति अवलम्बन गरिनेछ।

८३. विकास आयोजनाहरुको खरिद व्यवस्थापन समयमै गर्ने तथा रु १० लाख भन्दा माथिका आयोजना तथा कार्यक्रमको अनिवार्य रुपमा विद्युतीय बोलपत्र (E-Biding) बाट मात्र गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

८४. वार्षिक स्वीकृत कार्यक्रमलाई सोही आर्थिक वर्षमा संशोधन तथा रकमान्तर गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ।

८५. चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दैं पूँजीगत खर्चमा वृद्धि गर्ने उपाय अवलम्बन गरिनेछ।

**कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन नीतिः**

८६. न्यायिक समितिमा आएका उजुरीहरुको छिटो छरितो ढंगले फछर्यौट तथा विवाद समाधान, मेलमिलाप केन्द्रलाई थप व्यवस्थित, विपन्न तथा कमजोर बर्गलाई निःशुल्क कानूनी सेवाको माध्यमबाट सबै नागरिकको मानव अधिकारको सम्मान र संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

८७. नेपाल प्रहरीको सहयोगमा यस नगरभित्र समुदायस्तर र माध्यमिक विद्यालयहरुमा मानव बेचविखन तथा ओसारपसार, लागु औषध दुर्व्यसन र विद्युतीय अपराध सम्बन्धी कानुनी सचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।

८८. न्यायिक समितिलाई थप क्रियाशिल बनाउन क्षमता विकास तालिम तथा मेलमिलापकर्ताहरुको लागि पुर्नताजकी तालिम संचालन गरिनेछ।

८९. न्यायिक क्षेत्रमा भएको कार्यसम्पादन प्रक्रियाबारे अन्य स्थानीय तहसँग असल अभ्यास आदानप्रदान कार्यक्रम गरिनेछ।

९०. ऐन, नियमावली, कार्यविधि, नीति, निर्देशिका र मापदण्ड तर्जुमा, संशोधन तथा परिमार्जन गरी निर्माण गरिएका कानुनको प्रभावकारी कार्यन्वयनको सुनिश्चितता गरिनेछ।

**सञ्चार तथा सूचना प्रविधि नीतिः**

९१. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक पुस्तकालय लगायत सामुदायिक संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सेवा विस्तार गर्दै लगिनेछ।

९२. नगर क्षेत्रभित्र इन्टरनेट सेवा जडान तथा क्षमता विस्तार गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ।

९३. स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो सञ्चालनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

९४. सूचनामा नागरिकको पहुँच अभिवृद्धिको लागि नगरपालिकाको वेवसाईट, फेसबुक तथा पत्रकार भेटघाट कार्यक्रम र सूचना अधिकारीको माध्यमबाट साथै सार्वजनिक सूचनाहरुलाई हरेक ३/३ महिनामा स्वतः प्रकाशन गर्ने कार्यलाई व्यवस्थित बनाइनेछ।

९५. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।

९६. डिजिटल नगर प्रोफाइल, मोवाईल एप्स तथा अनलाइन गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरी सञ्चालन गरिनेछ।

९७. बजार क्षेत्रको अति व्यस्त स्थल, संवेदनशील क्षेत्र र प्रमुख सडकका क्षेत्रहरुमा घट्न सक्ने अपराधिक घटनाहरुलाई न्यूनीकरण तथा नियन्त्रणका सुरक्षा निकायसँग साझेदारी र समन्वय गरी लागि सि.सि.टि.भी. जडान गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

९८. नगरपालिकाबाट सम्पादित क्रियाकलापहरुको तथ्याङ्क सङ्कलन एवम् अध्यावधिक गरी समग्र सूचना तथा तथ्याङ्कलाई विद्युतीय अभिलेख केन्द्र (Digital Archive) मा व्यवस्थित गरिनेछ।

९९. आयोजना पहिचान, वर्गीकरण, छनोट र प्राथमिकीकरणलाई यथार्थपरक र वैज्ञानिक बनाउन आयोजना बैङ्क प्रणाली (Project Bank) लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

**राजस्व परिचालन नीतिः**

१००. करको दरलाई न्यून गर्दै दायरालाई विस्तार गरी आन्तरिक आयमा वृद्धि गर्ने नीति लिईनेछ।

१०१. नगरपालिकाले संकलन गर्दै आइरहेको कर तथा दस्तुरको सम्बन्धमा करदातालाई लक्षित गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. नगर क्षेत्रभित्र सञ्चालित व्यापार व्यवसाय, बैंक तथा वित्तीय संस्था लगायतको दर्ता, नवीकरणलाई अनिवार्य गर्नुका साथै दर्ता नवीकरण गर्न प्रोत्साहन गरिनेछ।

१०३. नगर क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायी तथा उद्यमीलाई व्यवसाय दर्ता तथा नवीकरणको लागि सम्बन्धित निकाय तथा संघ संस्थाको समन्वयमा नियमन गरिनेछ।

**पूर्वाधार विकास नीतिः**

१०४. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन आवश्यक समन्वय गरिनेछ।

१०५. नगरपालिकाको आवधिक योजना, वार्षिक कार्यक्रम तथा बजेटबीच अन्तरसम्बन्ध कायम गरी योजनाबद्ध विकासमा जोड दिइनेछ।

१०६. नगर गौरवका आयोजनाहरु संघ र प्रदेश सरकारसँगको साझेदारी कार्यान्वयन गर्न पहल गरिनेछ।

१०७. पूर्वाधार विकास निर्माणको काममा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा समुदायमा योजनाको अपनत्व बढाउन तथा प्रभावकारी कार्यान्वयनको लागि लागत अनुमानको न्यूनतम पन्ध्र प्रतिशत जनसहभागिता समावेश गराई प्रभावकारी कार्यान्वयनलाई निरन्तरता दिईनेछ।

१०८. कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण कार्य अगाडी बढाईनेछ।

१०९. नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरु अपाङ्गतामैत्री, वालमैत्री, वातावरणमैत्री बनाउन प्राथमिकता दिइनेछ।

११०. नगरपालिकाद्वारा सञ्चालित विकास निर्माणका आयोजना तथा कार्यक्रम तोकिएको लागत, परिमाण र गुणस्तरमा सम्पन्न गराउन आवश्यक प्रवन्ध मिलाईनेछ।

**सडक तथा पूल नीतिः**

१११. नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदनलाई मुख्य आधार बनाईनेछ।

११२. हालसम्म कार्य सम्पन्न नभएका सडकहरुलाई क्रमागत रुपमा सम्पन्न गर्ने साथै पुराना सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११३. नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरी आवश्यक स्थानहरुमा मर्मत सम्भारको कार्य सडक बोर्ड नेपाल तथा अन्य निकायहरुसँगको सहयोगमा सञ्चालन गरिनेछ।

११४. नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुसम्म जोड्ने सडक लगायत नगरका अन्य मुख्य सडकहरु बाह्रै महिना संचालनमा आउने गरी स्तरोन्नती गरिनेछ।

११५. नगरक्षेत्र भित्र निर्माण भई सञ्चालनमा आएका पूलहरुको संरक्षण गरिनेछ।

११६. नगरपालिकाद्वारा निर्माण गरिएको सडकले ओगटेको जग्गाको लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ।

**सिंचाई, खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन नीतिः**

११७. आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवं पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि जोड दिइनेछ।

११८. निर्माण सम्पन्न भईसकेका साना सिंचाई आयोजना, वडा नं. १ मा सञ्चालन भएको वृहत सिंचाई आयोजना लगायत सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरु परिचालन गरिनेछ।

११९. जैविक विविधताको संरक्षण गर्न सुख्खा तथा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलनका लागि आहाल, प्लाष्टिक पोखरी जस्ता कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ,।

१२०. नेपाल सरकार, स्वीस सरकार, प्रदेश सरकार, स्थानीय सरकार र लाभग्राहीहरुको साझेदारीमा नगरक्षेत्रमा सञ्चालन भइरहेको साना सिंचाई कार्यक्रम (SIP) सम्पन्न भै हस्तान्तरण समेत भैसकेको अवस्थामा नियमित, भरपर्दो र दिगो सिंचाई सुविधा उपलब्ध गराउनका लागि अन्य साझेदार निकायसँग आवश्यक पहल गरिनेछ।

१२१. स्वच्छ, सफा, नियमित र पर्याप्त खानेपानी आपूर्ति व्यवस्थापन गर्न **एक घर एक धारा** नीतिलाई निरन्तरता दिइनेछ।

१२२. स्वस्थ जीवन र स्वच्छ वातावरणको लागि नगरपालिका क्षेत्रभित्र आधारभूत सरसफाई सेवा, जनचेतना र व्यवहार परिवर्तन मार्फत दिगो समावेशी सरसफाईको सुनिश्चितता गरिनेछ।

१२३. उपयुक्त स्थानमा फोहरमैलाको दिगो व्यवस्थापन गर्नको लागि जाग्गा प्राप्तीको प्रक्रियालाई अगाडी बढाइनेछ साथै निजी क्षेत्रसँग समन्वय गरी नगर क्षेत्रभित्रको फोहरमैलाको उचित व्यवस्थापनको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।

१२४. **फोहर उत्पादकले कर तिर्नु पर्दछ** भन्ने सिद्धान्त बमोजिम सचेतना अभियान सञ्चालन गरिनेछ।

१२५. प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुलाई श्रोतमा नै न्यूनिकरण, पुन:प्रयोग र प्रशोधन गर्ने नीति अवलम्बन गरिनेछ।

**भवन तथा शहरी विकास नीति:**

१२६. सदरमुकामको बस्ती सुरक्षित, आधुनिक, सुविधायुक्त पूर्वाधार, हरित शहर र विपद प्रतिरोधी बनाउन सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ।

१२७. नगर क्षेत्रभित्र निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गरी अनुमति दिने नीतिलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

१२८. भवन अभिलेखिकरण गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**विद्युत नीति:**

१२९. नगरभित्रका महत्वपूर्ण सडकहरुमा विद्युत तथा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३०. सडकको अधिकार क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका विद्युत पोल तथा तारको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय तथा पहल गरिनेछ।

१३१. विद्युत सेवा नपुगेका टोल वस्तीमा केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरिनेछ।

**विपद् व्यवस्थापन नीतिः**

१३२. नगर क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ।

१३३. नगरपालिकामा रहेको आपतकालिन कार्य सञ्चालन केन्द्र प्रभावकारी बनाइनेछ।

१३४. नगरस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ।

१३५. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३६. विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद् व्यवस्थापन कोषको परिचालनको माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ।

१३७. विपद् व्यवस्थापनका आवश्यक सामग्रीहरुको उचित भण्डारण, व्यवस्थापन र परिचालन गरिनेछ।

१३८. विपद् व्यवस्थापनमा संलग्न जनशक्तिहरुको लगत संकलन गरी विपद पूर्व तयारी र प्रतिकार्यका लागि पुनर्ताजगी तालिम दिइनेछ।

**वन तथा भू-संरक्षण नीति :**

१३९. वनक्षेत्रभित्र सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिएका सडकलाई प्राथमिकता दिईनेछ।

१४०. सार्वजनिक जग्गा, पार्क तथा वनस्पति उद्यानको संरक्षण, प्रवर्द्धन र उपयोगका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

१४१. विद्यालयस्तरमा वातावरणसँग सम्बन्धित बिषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. नगर क्षेत्रमा रहेका प्राकृतिक पोखरीहरुको संरक्षण र संवर्द्धन गरिनेछ।

१४३. रुद्राक्ष, चिराइतो, ठूलो ओखती, पाखनवेद, पाँचऔले लगायतका महत्वपूर्ण तथा उच्च मूल्ययुक्त वनस्पति र जडिबुटीको व्यवसायिक उत्पादन, प्रशोधन, प्रमाणीकरण र बजारीकरण गर्न प्रोत्साहित गरिनेछ।

१४४. भू-तथा जलाधार संरक्षणका लागि संघ, प्रदेश र सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ।

१४५. सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**श्रम तथा रोजगारी सम्बन्धी नीतिः**

१४६. नगरपालिकाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा प्रत्यक्ष रोजगारी र गरिबी निवारणमा सहयोग पुर्याउने कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१४७. सरोकारवालासँगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरी रोजगारी सिर्जना गर्न पहल गरिनेछ।

१४८. दक्ष श्रमिक, कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनको नीतिलाई कार्यान्वयनमा ल्याइनेछ।

१४९. स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा उद्यमशील वातावरण निर्माण गरी रोजगारीको सिर्जना गर्न पहल गरिनेछ ।

१५०. बेरोजगार युवाहरुलाई लक्षित गरी घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१५१. वैदेशिक रोजगारीबाट फर्किएकालाई रोजगारी प्रवर्द्धन कार्यक्रमसँग आवद्ध गराई अल्पकालिन रोजगारीको व्यवस्था मिलाईनेछ।

१५२. स्थानीय स्रोत र माग अनुसार सीपमूलक तथा जिवनउपयोगी तालिमहरु सञ्चालन गरिनेछ।

१५३. वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित तथा उपलब्धिमुलक बनाउनको लागि टोल टोलमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ।

१५४. नगरपालिकाबाट पुनः श्रम स्वीकृति दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१५५. बैदेशिक रोजगारीको शिलसिलामा विदेशमा मृत्यू, घाइते भएका व्यक्तिहरुलाई बैदेशिक रोजगारी वोर्डको सचिवालय मार्फत सहजिकरण गरिनेछ।

१५६. वैदेशिक रोजगारीमा जान चाहाने युवाहरुलाई सुरक्षित आप्रवासन सम्बन्धमा सुसूचित गराउनुका साथै वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरु तथा विदेशबाट फर्किएका रिटर्नीहरुसँग वित्तिय साक्षरता एवं उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण सम्बन्धी नीतिः**

१५७. लैङ्गिक हिङ्सा न्युनिकरण अभियानमा परिचालित मनोसामाजिक कार्यकर्ताहरुको सेवालाई निरन्तरता दिइनेछ।

१५८. ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रको सञ्चालनलाइ निरन्तरता दिइ निशुल्क स्वास्थ्य परिक्षण, मनोरञ्जन तथा अन्तरपुस्ता अनुभव आदानप्रदानका थप कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१५९. सरोकारवालाहरुको सहकार्यमा वाल विवाह, मानव वेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसा, यौन हिंसा जस्ता सामाजिक अपराध रोकथाम तथा न्यूनिकरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६०. अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सम्वर्द्धन तथा पुनःस्थापनाको लागि अपागता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६१. महिलाहरुको क्षमता विकास तथा शसक्तिकरणका साथै आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६२. लैंगिक उत्तरदायी बजेटको व्यवस्था र लैंगिक परिक्षण गरिनेछ ।

१६३. विद्युतीय भूक्तानी प्रणाली मार्फत भूक्तानी हुँदै आएको सामाजिक सुरक्षा भत्तालाई बैंकहरुसँगको समन्वयमा वितरण गर्ने कार्यलाई सहज बनाइनेछ।

**सहकारी सम्बन्धी नीतिः**

१६४. सहकारी मार्फत हुने वित्तिय कारोबारलाई सुरक्षित भरपर्दो बनाउन सहकारी संस्थाहरुको नियमित अनुगमन गरिनेछ।

१६५. सहकारी क्षेत्रको विकास विस्तार र प्रबर्द्धनको लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**उद्यम विकास सम्बन्धी नीतिः**

१६६. गरिबी निवारण तथा स्वरोजगार प्रवर्द्धनका लागि सीपमूलक तालिम प्राप्त उद्यमीहरुलाई आवश्यक औजार तथा प्रविधि उपलब्ध गराई उद्यम स्थापना र विस्तारमा सहयोग गर्नुका साथै परम्परागत ज्ञान र सिपको संरक्षण, प्रवर्द्धन र उपयोगको माध्यमबाट उद्यमशिलता र आयआर्जन बृद्धि गर्न प्रोत्साहन गरिनेछ।

१६७. तालिमबाट हासिल गरेको सीपलाई व्यवहारमा प्रयोग गरी दिगो र प्रभावकारी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्न उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ।

**पर्यटन र संस्कृति प्रवर्द्धन नीतिः**

१६८. नगर क्षेत्रको भौगोलिक विविधतालाई पृथक र नवीन पर्यटकीय थलोको रुपमा विकास गरी पर्यटकलाई नगरपालिका भ्रमणको लागि आकर्षित गरिनेछ।

१६९. पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनुका साथै रुम्जाटार, ठाडे जन्तरधाप, थामडाँडा लगायतका स्थानहरुलाई फिल्म छायाँकन स्थलको रुपमा विकास गरिदैं लगिनेछ।

१७०. ऐतिहासिक स्थल ओखलढुङ्गा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल, स्रष्टापार्क, बलबहादुर राई स्मृति पार्क, नगरपार्क, भ्यू टावर, पर्यटकीय झोलुङ्गे पुल, ककनी मन्दिर, कान्तादेवी मन्दिर, नागी डाँडा, व्वाँसे डाँडा, वर्नालुको गणेशकुण्ड, सपनावती, रुम्जाटार गुम्बा, ओखलढुङ्गा-रुम्जाटार ऐतिहासिक संग्रहालय, नलिडाँडा, झाँक्रीढुङ्गा, विगुटक्सार, जन्तरखानी, सहिद स्मृतिपार्क, थामडाँडा, चम्पादेवी, तलुवागढी (जानुकागढी), सहितका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रलाई नगरको पर्यटकीय स्थलको रुपमा विकास गरिदै लगिनेछ।

१७१. ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक सम्पदा, सरावजनिक सम्पदाको संरक्षण सम्वर्द्धनमा जोड दिने नीति लिइनेछ।

१७२. कला र साहित्यको सिर्जना तथा प्रवर्द्धन गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

१७३. नगरका सबै जातजाती समुदायहरुको आ-आफ्नो मौलिक भाषा, संस्कृति तथा परम्पराहरुको जगेर्ना एवं साँस्कृतिक पहिचानको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

१७४. विभिन्न समुदायको धार्मिक र साँस्कृतिक मूल्य र मान्यताको सम्मान गर्दै जातीय, धार्मिक, सामाजिक विभेद तथा छुवाछुतलाई अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

यस नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको चरणमा राय, सल्लाह, सुझाव, पृष्ठपोषण तथा महत्त्वपूर्ण योगदान दिनुहुने जनप्रतिनिधि, राजनीतिक दल, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक, सहकारी संस्थाका प्रतिनिधि, नगरवासी, सञ्चारकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी लगायत प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, राजनीतिक दल, गैरसरकारी संस्था, नीजि क्षेत्र, नगरवासी, सञ्चार जगत तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीबाट रचनात्मक सहयोगको अपेक्षा लिएको छु।

**जय सिद्धिचरण। धन्यवाद।**

१० असार, २०८३

तेजन खनाल
नगर प्रमुख